**नीति जेआइएच - विद्यार्थी सोधपुछ, खानतलासी र गिरफ्तारी**

डेनभर सामुदायिक विद्यालयले विद्यालयहरूमा सिकाइका लागि प्रेरक, सुरक्षा संरक्षित र स्टाफ एवम् विद्यार्थीहरूको कल्याणकारी वातावरण व्यवस्था गर्न चाहन्छ। यस उद्देश्य पूर्तिका लागि विद्यालय पर्सोनेललाई व्यक्ति र विद्यार्थीको व्यक्तिगत सम्पत्तिको खानतलास गर्नुपर्ने र विद्यार्थी एवम् स्टाफका लागि खतरनाक र हानिकारक सम्पत्ति जफत गर्नुपर्ने हुन सक्छ। विद्यालय प्रशासनले स्थानीय कानुन कार्यान्वयन एजेन्सीहरूलाई विद्यालय सम्पत्तिको खानतलास विद्यालय प्राङ्गण भित्र भएका बेला र सोही ठाउँमा लागू पदार्थ वा अन्य उल्लङ्घनहरू सम्बद्ध अनुसन्धान र खानतलासी भएका बेला सम्पूर्ण सहयोग गर्नेछ।

**विद्यालय पर्सोनेलद्वारा सञ्चालित खानतलासी :**

प्रिन्सिपल वा विद्यालय अफिसियल जसलाई खानतलास गर्दा विद्यार्थीले विद्यालय नीति वा कानुनको उल्लङ्घन गरेको प्रमाण भेटिन्छ भन्ने युक्तिसङ्गत शङ्का छ, उनले खानतलासी गर्न सक्छन्। खानतलासीका लागि युक्तिसङ्गत आधार उपलब्ध भएका बेला, विद्यालय पर्सोनेलले विद्यार्थी र/वा विद्यार्थीको व्यक्तिगत सम्पत्तिको खानतलासी विद्यालय प्राङ्गणमा वा विद्यालय क्रियाकलापमा गर्न सक्छन् र यस नीतिद्वारा परिभाषित गैरकानुनी, अनधिकृत वा प्रतिबन्धित पदार्थहरू जफत गर्न सक्छन्।

विद्यालय अफिसियलद्वारा गरिने खानतलासीले विद्यार्थीको गोपनियताको आदर गर्नु पर्दछ र विद्यार्थीको उमेर र लिङ्ग अनि शङ्का गरिएको उल्लङ्घनलाई ध्यानमा राख्दै, आवश्यकता भन्दा बढी अन्तर्भेदन गर्नु हुँदैन।

**विद्यालय सम्पत्तिको खानतलासी :**

डेनभर सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूले प्रयोग गर्ने गरेका सबै लकरहरू, डेस्कहरू र अन्य भण्डारणहरू डिस्ट्रिक्टका सम्पत्ति हुन् र सम्बन्धित विद्यालयका प्रिन्सिपलहरूको मातहतमा छन्। यसका अतिरिक्त विद्यार्थीहरूलाई सबै तालाहरू प्रिन्सिपल वा प्रतिनिधिद्वारा प्रदान गरिन्छन् र तालाहरूको प्रमुख सूची वा लकरहरूको संयोग प्रिन्सिपल वा प्रतिनिधिद्वारा व्यवस्थित गरिन्छ। विद्यार्थीहरूलाई प्रदान गरिएको विद्यालय सम्पत्तिमा विद्यालयले निरीक्षण गर्न, सरसफाई गर्न, मरम्मतका लागि प्राप्त गर्न र यस नीति बमोजिम खानतलासी गर्न सक्छ।

विद्यार्थीहरूले प्रशासनले स्वीकृत गरे अनुरुप आफ्ना लकरहरू र अन्य भण्डारण क्षेत्रहरूको सुरक्षाको पूर्ण जिम्मेवारी लिनुपर्दछ। आफूलाई प्रदान गरिएको डेस्कमा, लकरमा वा अन्य भण्डारण क्षेत्रमा भएका सामग्रीहरूका लागि विद्यार्थीहरू नै जिम्मेवार हुनेछन्।

खानतलासीका लागि युक्तिसङ्गत आधार छ भने प्रिन्सिपल वा प्रतिनिधिले जुनसुकै बेला युक्तिसङ्गत शङ्का भए पनि नभए पनि विद्यालय डेस्क, लकर र अन्य भण्डारण क्षेत्रहरू र त्यसमा भएका सामग्रीहरूको खानतलासी गर्न सक्नेछन्। सामग्रीहरूमा पर्सहरू, वालेटहरू, ब्याकप्याकहरू र लुगाका पकेटहरू हुनुपर्नेछ। यदि युक्तिसङ्गत शङ्का भएमा विद्यालय अफिसियलहरूले विद्यालय हाताभित्र पार्क गरिएका बाहनहरू पनि खानतलासी गर्न सक्नेछन् । युक्तिसङ्गत रूपले सम्भव भएसम्म खानतलासीका बेला साक्षीका रूपमा अर्को व्यक्तिको उपस्थिति हुनुपर्नेछ।

**विद्यार्थी व्यक्तिको खानतलासी :**

प्रिन्सिपल वा प्रतिनिधिलाई विद्यार्थीले प्रतिबन्धित वस्तुको स्वामित्व लिएको, वा खानतलासीले कानुन, विद्यालय डिस्ट्रिक्ट नीतिहरू र विद्यालय नियमहरूको उल्लङ्घन गरेको प्रमाण फेला पर्छ भन्ने युक्तिसङ्गत शङ्का लागेमा विद्यार्थीलाई व्यक्तिका रूपमा खानतलासी गर्न सक्नेछन्।

व्यक्तिगत खानतलासी विद्यार्थीको पकेटहरूमा र विद्यार्थीको स्वामित्वमा भएको कुनै पनि वस्तु जस्तै पर्स वा ब्रिफकेस, र/वा बाहिरी लुगाको “प्याट डाउन”मा सीमित हुनेछ। डिस्ट्रिक्ट कर्मचारीहरूले स्ट्रिप खानतलासी अर्थात् सर्ट, ब्लाउज, प्यान्ट खोल्नुपर्ने खालका खानतलासी गर्ने छैनन्।

खानतलासी सम्भव भएसम्म गोप्य तरिकाले र अन्य विद्यार्थीहरूको अनुपस्थितिमा गर्नुपर्नेछ। दोस्रो वयस्क साक्षीको उपस्थितिमा एउटै लिङ्ग भएका स्टाफद्वारा खानतलासी सञ्चालन गर्नका लागि प्रयास गरिनेछ।

**वस्तुहरूको जफत :**

विद्यालय अफिसियलहरूद्वारा खानतलासीका क्रममा भेटिएका कुनै पनि वस्तुहरू जसले डिस्ट्रिक्ट नीति, वा विद्यालय नियमावलीको उल्लङ्घनको प्रमाण दिन्छन् र जसको उपस्थितिले तात्कालिक खतरा वा शारीरिक हानी गर्छ, त्यस्ता वस्तुहरूलाई जफत गरिनेछ ।

**विद्यालय अफिसियलद्वारा सोधपुछ :**

विद्यार्थीहरूलाई कुनै पनि बेला डिस्ट्रिक्ट पर्सोनेलद्वारा सोधपुछ गर्न सकिनेछ । अनिवार्य निष्कासन हुने गरी उल्लङ्घन गरेको विश्वास गरिएको विद्यार्थीले उल्लङ्घनका बारेमा लिखित वक्तव्य दिनुपर्नेछैन जबसम्म उसका आमाबाबु वा अभिभावक उपस्थित छन् वा आमाबाबु वा अभिभावकलाई अभिभावक, आमाबाबु वा विद्यार्थीले प्रदान गरेका सबै फोन नम्बरहरूमा फोन सम्पर्क गर्ने युक्तिसङ्गत प्रयास गरिएको छ ।

**परिभाषाहरू :**

"युक्तिसङ्गत शङ्काहरू" विश्वासपात्र सुराकीद्वारा प्रदान गरिएको तथ्य वा व्यक्तिगत अवलोकनमा आधारित छ जसले विद्यालय अफिसियललाई, व्यक्तिगत अनुभवमा आधारित रहेर, कुनै निर्दिष्ट व्यक्तिको खानतलासीले बोर्ड नीति, विद्यालय नियमावली वा राज्य वा फेडेरल कानुनहरूको उल्लङ्घनको प्रमाण फेला पर्छ भन्ने विश्वास लाग्छ ।

"प्रतिबन्धित वस्तु" मा ती सबै वस्तु वा पदार्थहरू पर्छन जसलाई बोर्ड नीति वा राज्य वा फेडेरल कानुनले निषेध गरेको छ जसमा लागू पदार्थ, मदिरा, बन्दूकहरू, चक्कुहरू वा आगो लगाउने यन्त्रहरू सामेल छन् तर यतिमै सीमित छैनन् ।

**कानुन कार्यान्वयन खानतलासी र जफत :**

विद्यालय प्रिन्सिपल वा प्रतिनिधिले विद्यालयमा खानतलासी गर्नका लागि कानुन कार्यान्वयन अधिकारीलाई अनुरोध गर्न सक्छन् । कानुन कार्यान्वयन अधिकारीहरूले खानतलासी सञ्चालन गरेका बेला विद्यालयका कर्मचारीहरू सो कार्यलाई सहयोग गर्नु र सो कार्यमा भाग लिनुबाट टाढै बस्नुपर्दछ जबसम्म कानुन कार्यान्वयन अधिकारीले सोका लागि सीधा निर्देशन दिँदैनन् ।

यदि कानुन कार्यान्वयन पर्सोनेलले विद्यालय अथोरिटीबाट कुनै विद्यार्थी वा विद्यार्थीको सम्पत्ति खानतलास गर्ने अनुमति माग्छन् भने विद्यालय अफिसियलहरूले खानतलासी गरिनु अघि पुलिसबाट वैध खानतलासी वारेन्टको माग गर्नु पर्छ जबसम्म कानुन कार्यान्वयन अधिकारीले प्रिन्सिपललाई निम्न कुराको सल्लाह दिँदैनन्:

१. विद्यार्थीको धाकधमकी बेगरको सहमति छ;

२. सम्भावित कारण र परिस्थितिहरू त्यस्ता छन् कि खानतलासी वारेन्ट प्राप्त गर्न लाग्ने समयले खानतलासीको उद्देश्यलाई प्रभावहीन तुल्याउँछ; वा

३. खानतलासी गिरफ्तारी गर्नका लागि गरिएको काम हो जुन व्यक्ति र ऊ वरिपरिको वातावरणमा मात्र सीमित रहन्छ ।

**पुलिसद्वारा सोधपुछ :**

कानुन कार्यान्वयन अधिकारीले कानुन वा बोर्ड नीति उल्लङ्घन बारे विद्यार्थी(हरू)लाई, विद्यार्थी विद्यालयमा भएका बेला वा विद्यालयको क्रियाकलापमा भाग लिइरहेका बेला सोधपुछ गर्ने अनुमति माग्छन्, प्रिन्सिपल वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । यदि विद्यार्थी १८ वर्षभन्दा कम उमेरको भए विद्यार्थीको आमाबाबु/अभिभावक पनि उपस्थित हुनुपर्नेछ जबसम्म जुभेनाइललाई राज्यको कानुनमा परिभाषित भए अनुसार मुक्त गरिँदैन ।

प्रश्न गरिने विद्यार्थीप्रति अरूको ध्यान कम गर्नका लागि विद्यार्थीलाई गोप्य ठाउँमा राखेर र तालिकामा न्युनतम व्यवधान हुनेगरी सोधपुछ सम्पन्न गर्ने प्रयास गरिनेछ ।

**हिरासत/गिरफ्तारी :**

पुलिसद्वारा हिरासत र/वा गिरफ्तारी भएमा प्रिन्सिपलले कानुनन आवश्यक प्रक्रियागत सुरक्षा अवलम्बन गर्नका लागि अनुरोध गर्नुपर्नेछ । प्रिन्सिपलले विद्यार्थी पुलिसको जिम्मा लगाएर विद्यार्थीको आमाबाबुलाई सो कार्वाहीको जानकारीको सूचना दिनुपर्नेछ । पुलिस अधिकारीले

विद्यार्थीलाई अस्थायी हिरासतमा लिनुको विशिष्ट आधार सूचीत गर्नुपर्नेछ। प्रिन्सिपलले सो आधारका बारेमा विद्यार्थीका आमाबाबुलाई सल्लाह दिनुपर्नेछ र सो जानकारी सूचना मेमोऱ्यान्डममा नोट गर्नुपर्नेछ। उक्त सूचनाको एक प्रति विद्यालयको फाइलमा राख्ने व्यवस्था गर्नुपर्नेछ र एक प्रति आमाबाबुलाई पठाउनु पर्नेछ।

स्वीकृत अप्रिल १५, १९७१

परिमार्जित फेब्रुअरी १, १९८३

परिमार्जित फब्रुअरी १५, २००१

परिमार्जित अक्टुबर २१, २००४

कानुनी सन्दर्भ सि.आर.एस १९–२–२०१ र तपसिल

सि.आर.एस १९–२–५११ र तपसिल

सि.आर.एस २२–३२–१०९.१(२) (ए) (८) (सुरक्षित विद्यालय योजनाको भागका रूपमा आवश्यक नीति)

सि.आर.एस २२–३३–१०६.३

क्रस सन्दर्भः जेके, विद्यार्थी अनुशासन, र सबकोड्स

जेएलआइबि, विद्यार्थी बर्खास्त पूर्वसावधानी